नि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० | अंक २०९ | २०७७ साल चैत ७ गते शनिबार (20 Mar. 2021 Saturday) | मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- व्यक्ति बेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिवाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : खुला सिमाना : रोकिएन ... ३ पृष्ठमा : धार्मिक सद्भाव : ... ३ पृष्ठमा क्रोरोना भाइरसको सङ्क्रमण ...

# राष्ट्रिय भारोत्तोलनमा पदक जित्ने कान्छी खेलाडी सम्मानित




**दैनिक समाचारदाता**
**राजविराज, ६ चैत ।**

राजविराजमा सम्पन्न प्रथम देवसुन्दर स्मृती राष्ट्रिय महिला तथा पुरुष भारोत्तोलन प्रतियोगितामा रजत पदक बिजेता नेपालकै कान्छी खेलाडी ११ वर्षिया अम्बिका यादव शुक्रबार सम्मानित भएकी छिन् ।

४५ केजी यूथ महिलातर्फ रजत पदक बिजेता खेलाडी अम्बिका कुमारी यादवलाई उनी अध्ययनरत विद्यालय राजविराज ७ स्थित रोज पब्लिक स्कुलले एक कार्यक्रमबीच सम्मान गरेको हो ।

विद्यालय संचालक समितिका सदस्य एवं जसपा केन्द्रिय सदस्य दिनेश कुमार यादवले कदरपत्र र नगद पुरस्कार प्रदान गरेर उनलाई सम्मान गरे । विद्यालयले उनीसँगै भारोत्तोलनका प्रशिक्षक पुन्तिलाल यादवलाई समेत सम्मान गरेको छ ।

कक्षा ५ मा अध्ययनरत अम्बिकाले चैत १ गते राजविराजमा सम्पन्न राष्ट्रिय भारोत्तोलन प्रतियोगितामा स्न्याचतर्फ ३० र क्लिन एण्ड जर्कतर्फ ३५ गरि ६५ केजि भार उचालेर सप्तरीका लागि रजत पदक जितेकी थिइन् ।

विद्यालयका प्रधानाध्यापक मुकेश झाको अध्यक्षतामा आयोजित सम्मान कार्यक्रममा नेपाल प्यावशनका केन्द्रिय सहमहासचिव शम्भु यादव, खेलकुद पत्रकार मंचका अध्यक्ष मनोज माझी, पत्रकार महासंघका सहसचिव चन्दन यादव, भारोत्तोलनका प्रशिक्षक पुन्तिलाल यादव लगायतले शुभकामना दिएका थिए ।

४५ केजि तौल समूहको महिलातर्फ रजत पदक ल्याउने ११ वर्षिया यादव मुलुककै पहिलो कान्छि खेलाडी भएको नेपाल भारोत्तोलन संघका केन्द्रिय महासचिव तिलक राउतले जानकारी दिए ।

# ओली नेतृत्वको सरकारलाई नैतिकताको हिसाबले रहिरहन उचित नहुने : नेता डा. महत

**दैनिक समाचारदाता**
**राजविराज, ६ चैत ।**

नेपाली काँग्रेसका सहमहामन्त्री डा. प्रकाशशरण महतले केपी शर्मा ओली नेतृत्वको सरकारलाई नैतिकताको हिसाबले रहिरहन उचित नहुने बताएका छन् ।

राजविराजमा शुक्रबार नेपाल शिक्षक संघको २१ औं र २२ औं जिल्ला प्रतिनिधिसभामा शुभकामना मन्तव्य व्यक्त गर्दै उनले सो कुरा बताएका हुन् ।

उनले यही सरकार रहँदासम्म राजनीतिक अन्यौलता अझै बढ्ने दाबी गर्दै मुलुकको वर्तमान अन्यौलपूर्ण राजनीतिक परिस्थितिमा काँग्रेसले सरकारको नेतृत्व लिएर मुलुकलाई निकास दिने बेला आइसकेको समेत बताए ।

नेता महतले काँग्रेसलाई सरकारको नेतृत्व लिन सहज वातावरण निर्माणको जिम्मेवारी नेकपा माओवादी केन्द्र तथा जनता समाजवादी पार्टीको पनि रहेको जिकिर गरे ।




उनले सम्मानजनक अवस्थामा काँग्रेस सरकारको नेतृत्व लिन तयार रहेको बेला माओवादी र जसपाले पनि उचित वातावरण बनाउन उत्तिकै जरुरी रहेको उल्लेख गरे ।

नेपाल शिक्षक संघ सप्तरीका अध्यक्ष शैलेन्द्र कुमार मण्डलको अध्यक्षतामा आयोजित सभामा विभा झाले आर्थिक तथा विश्वनाथ भदेसवार यादवले सांगठनिक प्रतिवेदन पेश गरेका थिए ।

*बाँकी अन्तिम पृष्ठमा*

# पशु फर्ममा आगलागि हुँदा २० गाईबाछा जले

**दैनिक समाचारदाता**
**राजविराज, ६ चैत ।**

सप्तरीको अग्नीसाईर कृष्णासबरण गाउँपालिका वडा नं. ५ मा रहेको कृष्णाराम पशु फर्ममा बिहीबार राती आगलागि हुँदा २० वटा गाई र बाछा जलेर मरेका छन् ।

सो गाउँपालिका वडा नं. ६ निवासी मनोज साह र दिनानाथ साहको संयुक्त लगानीमा रहेको उक्त पशु फर्ममा बिजुली सर्ट भई आगलागि हुँदा १८ वटा गाई र २ वटा बाछी जलेर मर्दा र अन्नपात समेत नष्ट भई ३१ लाख ३९ हजार ६ सय मुल्य बराबरको क्षती भएको प्रहरीले जनाएको छ ।

आगो निभाउने क्रममा फर्म संचालक दिनानाथ साह समेत जलेर घाइते भएका छन् । उनको स्थानिय क्लिनिकमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

स्थानियवासी, प्रहरी र बारुणयन्त्रको सहयोगमा आगोमाथी नियन्त्रण कायम गरिएको तथा आगलागि घटना बारे आवश्यक अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# ट्रकको ठक्करबाट ट्याक्टर चालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ६ चैत ।**

सप्तरीको कंचनरुप नगरपालिका ११ स्थित पूर्वपश्चिम राजमार्गमा बिहीबार राती एक ट्रकको ठक्करबाट ट्याक्टर चालकको मृत्यु भएको छ ।

पूर्वबाट पश्चिततर्फ जादै गरेको ना.६ ख.३४२५ नम्बरको ट्रकले सोही दिशातफै जादै गरेको ना.६ त.६१९९ नम्बरको ट्याक्टरलाई पछाडीबाट ठक्कर दिँदा ट्याक्टर चालक बारा जिल्लाको दक्षिण झिटकैया वडा न. ८ बस्ने बर्ष ३५ को जलिल मियाँ मन्सुरीको मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार ठक्करबाट घाइते भएका ट्याक्टर चालकलाई

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय

# विपद् न्युनिकरणका लागि जनचेतना आवश्यक

प्राकृतिक विपदका घटनाहरुबाट सप्तरी हरेक वर्ष प्रभावित हुने गरेको छ । प्राकृतिक विपद भन्नाले आगलागि, बाढी, चिसो लगायत पर्दछ । यी मध्ये सप्तरीमा सबैभन्दा बढी बाढी र त्यसपछि आगलागिका घटनाहरु मानिसहरु बढी प्रभावित हुने गर्दछ । फागुनदेखी बैशाख महिनासम्म हावाहुरी आउने मौसम रहेकोले यस अवधीमा आगलागिका घटना बढी मात्रामा हेन गर्दछ । यसप्रति सबै जनता सचेत रहनु पर्ने आवश्यक छ ।

प्रत्येक वर्ष जिल्लामा आगलागिबाट करोडौं मुल्य बराबरको धनको क्षति हुनुका साथै पशुचौपाया तथा मानिसहरु घाइते र मृत्यु समेत हुने गरेको प्रहरी तथ्याङ्ले देखाएको छ । हावाहुरी चलेको अवस्थामा जनता आफै संवेदनशिल भई सकभर आगो नबाल्नु नै उपयुक्त हुन्छ । बालबालिकालाई सलाई, लाइटर तथा प्रज्जवलनशिल बस्तुबाट टाढा राख्नु अभिभावक गम्भिर हुनुपर्दछ । यसबाहेक हावाहुरी चलेको बेला विद्युतीय सप्लाई मेनलाइनबाटै काट्न सके आगलागिका घटनाबाट बच्न सकिन्छ । प्राय गरि गाउँघरमा पराल तथा कच्ची घर रहेकाले उनीहरुले झनै सावधानी अपनाउनु आवश्यक छ ।

हुन त प्राकृतिक विपद कसैलाई भनेर आउँदैन् मात्र मानिसहरु त्यसप्रति सचेत रहनुका साथै घटना हुनबाट बच्ने उपाय रोज्नु पर्दछ । तसर्थ यस्ता घटनाप्रति सम्पूर्ण पालिकाहरुले सचेतनामूलक कार्यक्रम संचालनमा त्याई गाउँ गाउँमा जनचेतना फैलाउन अग्रसरता देखाउनु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# खुला सिमाना : रोकिएन इन्धन तस्करी

काठमाडौं, ६ चैत (रासस) ।
नेपाल आयल निगमको ढुवानीकर्ता जय गौरीशङ्खर ढुवानी सेवा प्रालिको नाममा रहेको टयाङ्करलाई नेपाल प्रहरीले गत फागुन २ गते नियन्त्रणमा लियो । उक्त टयाङ्करको चेम्बर र फ्युल टयाङ्कमा एक हजार ३६० लिटर डिजेल अनधिकृतरुपमा भारततर्फ लैजाँदै गरेको भेटिएपछि प्रहरीले कारवाही गरेको थियो ।

यसपछि निगमले सो टयाङ्करमा इन्धन भर्ने पर्साको जगरनाथपुरस्थित श्वेता आयल सेन्टरलाई निगमले सिलबन्दी गरी कारवाही प्रक्रिया अगाडि बढायो । इन्धन चोरीमा संलग्न उक्त टयाङ्करलाई पनि निगमले पेट्रोलियम पदार्थ ढुवानी नियमावली, २०७३ ( तेस्रो संशोधन) अनुसार कारवाही प्रक्रिया गऱ्यो ।

केही महिनाअघि भारतबाट पेट्रोल लोड गरी आएका दुई टयाङ्करमा फल्स चेम्बर बनाई इन्धन चोरी तस्करी गरी ठगी गरेको पाइएपछि निगमले थप अनुसन्धान गर्न प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो ( सिआइबी) लाई पत्र काटयो । प्रहरी अनुसन्धनबाट उक्त दुई टयाङ्करले फल्स चेम्बर बनाई इन्धन लुकाइ भारत लगेर बेच्ने र निगमलाई हानी नोक्सानी पुऱ्याएर ठगी गरेको पुष्टि भयो । सो प्रकरणमा संलग्न बाराका अमलेखगञ्ज-६ का अजय लामा र विकेश लामालाई पक्राउ गरी ब्यूरोले अनुसन्धान प्रक्रिया अगाडि बढाएको छ ।

केही दिनअघि सशस्त्र प्रहरी बल (एपिएफ)को टोलीले कपिलवस्तुको कृष्णनगर नगरपालिका-२ बाट विभिन्न सात टयाङ्करमा फल्स बटम बनाएर अवैधरुपमा भारत लैजाँदै गरेको अवस्थामा चार हजार २०० लिटर डिजेल बरामद गऱ्यो । बरामद गरिएको डिजेल कृष्णनगर भन्सार कार्यालयमा बुझाइएको छ ।

भारतभन्दा नेपालमा पेट्रोलियम पदार्थको मूल्य सस्तो हुँदा पछिल्ला केही समययता नेपालबाट भारततर्फ इन्धन चोरी तस्करी भइरहेको घटनाक्रमले पुष्टि गरेको छ । नेपाल-भारत खुला सिमानाको फाइदा उठाउँदै लुकीछिपी भारततर्फ इन्धन तस्करी हुँदै आएको छ । सीमावर्ती भारतीय क्षेत्रमा भन्दा नेपालमा पेट्रोल प्रतिलिटर ३३ रुपैयाँ ४२ पैसा र डिजेल प्रतिलिटर ३९ रुपैयाँ ६१ पैसा सस्तो छ । खुला सीमाना र भारतमा भन्दा नेपालमा इन्धनको मूल्य सस्तो हुँदा नेपालबाट भारततर्फ इन्धन तस्करी भइरहेको निगमका अधिकारीको स्वीकारोक्ति छ ।

सीमा क्षेत्रबाट भारततर्फ पेट्रोलियम पदार्थको चोरी तस्करी बढेसँगै निगमले गत महिना सबै प्रादेशिक कार्यालयलाई परिपत्र गर्दै सीमानाकामा हुने पेट्रोलियम पदार्थको अपचलन नियन्त्रणको कार्ययोजना कार्यान्वयन गर्न निर्देशन दियो । इन्धन तस्करी रोक्न कार्यालयलाई दैनिक सीमानाका क्षेत्रका न्यूनतम पाँच वटा पेट्रोलपम्पको निरीक्षण, आफ्नो बिक्री क्षेत्रभित्र परेका तथा नेपाल-भारत सीमानाकादेखि हुलाकी राजमार्गसम्मका पेट्रोल पम्प, हुलाकी राजमार्गमा अवस्थित पेट्रोलपम्प तथा हुलाकी राजमार्गबाट उत्तरतर्फ न्यूनतम पाँच किलोमिटर क्षेत्रभित्रका पेट्रोलपम्पको बिक्री अनुगमन गर्न निर्देशन दिइएको निगमका प्रवक्ता विनितमणि उपाध्यायले जानकारी बताउनुभयो ।

“गाडीको फ्युल टयाङ्कीमा मात्र इन्धन भर्न पाउने, भारततर्फ जाने टयाङ्कर, ट्रक, टेलर, टयाक्टरलगायत सवारी साधनको सिमानामा जाँच गर्न स्थानीय प्रहरीसँग अनुरोध गरी जाँच गर्ने र भारतीय ठूला सवारी साधनलाई फ्युल टयाङ्कीमा बढीमा १०० लिटर मात्र इन्धन दिने व्यवस्था गरिएको छ”, उहाँले भन्नुभयो । सीमा क्षेत्रका पेट्रोल पम्पलाई ड्रम, जर्किन तथा अन्य उपकरणमा पेट्रोल, डिजेल बिक्री वितरण गर्न रोक लगाइएको उहाँले बताउनुभयो । पानी तान्ने पम्प तथा अन्य कृषि उपकरण र मेशिन सञ्चालन गर्ने प्रयोजनका लागि जर्किनमा बिक्री वितरण गर्नुपर्ने भएमा पेट्रोल पम्पले किसानका लागि आवश्यक मासिक परिमाणको घोषणा गर्नुपर्ने र लगत राखी बिक्री गर्नुपर्नेछ ।

पेट्रोलियम पदार्थ तस्करी गर्ने, ढुवानीमा अपचलन गर्ने ट्रक तथा टयाङ्करलाई पेट्रोलियम पदार्थ ढुवानी विनियमावली, २०७३ र पेट्रोलपम्पलाई बिक्रेता नियमावली, २०७५ अनुसार कारवाही गरिएको उहाँले बताउनुभयो । ढुवानी विनियमाली २०७३ ले ट्रक टयाङ्करमा स्वीकृत मापदण्डबाहेकका अन्य फिटिङ्स जडान गरी निगमलाई हानी पुऱ्याएको भेटिए हानी नोक्सानीको दोब्बर रकम ढुवानीकर्ताबाट असुल गरिने व्यवस्था गरेको छ । ढुवानी अपचलन गर्ने ट्रक तथा टयाङ्करलाई ढुवानीमा बन्देज लगाउन सकिनेछ । त्यस्तै निगमको निर्देशनविपरीत इन्धन बिक्री गर्ने बिक्रेताको इजाजत खारेजी गर्न सक्नेसम्मको व्यवस्था रहेको छ ।

नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासङ्घका महासचिव विश्वप्रसाद अर्याल नेपाल-भारत खुला सीमाका कारण पेट्रोलियम पदार्थको अवैध कारोबार भइरहेको स्वीकार्नुहुन्छ । टयाङ्करमा स्वीकृत मापदण्डविपरीतका संरचना बनाएर चालक नै इन्धन तस्करीमा संलग्न भएको पाइए पनि कतिपय घटनामा निगमका कर्मचारीको पनि संलग्नता रहेको उहाँको जिकिर छ । पेट्रोलियम पदार्थको चोरी तस्करी नियन्त्रण गर्न र संलग्नलाई कडा कारवाही गर्नुपर्नेमा जोड दिँदै उहाँ त्यसमा आफूहरुको सहयोग रहने बताउनुहुन्छ ।

**एक हजार ढुवानीकर्तामाथि कारवाही**

निगमले पछिल्लो तीन महिनामा पेट्रोलियम पदार्थको चोरी तस्करी गर्ने तथा इन्धन अपचलन गर्ने झण्डै एक हजार ट्रक तथा टयाङ्करमाथि कारवाही गरेको छ । निगमसँगको करार सम्झौतामा सञ्चालनमा रहेका ट्रक तथा टयाङ्करले लकिङ तथा फिटिङमा कैफियत गरेको भेटिएपछि ती ट्रक तथा टयाङ्कर कारवाहीमा परेका हुन् । फल्स च्याम्बर बनाउने, मिसावट गर्ने, तोकिएको परिणामभन्दा बढी क्षति पुऱ्याउने तथा ढुवानी विनियमावलीविपरीत काम गर्ने ट्रक तथा टयाङ्करमाथि कारवाही गरिएको निगमले जनाएको छ ।

निगमको १ नं प्रादेशिक कार्यालय विराटनगरले तोकिएको मापदण्डभन्दा बढी क्षति गर्ने ५३ ट्रक तथा टयाङ्करलाई कारवाही गरेको छ । लकिङ तथा फिटिङ चेक गर्दा गलत ढङ्गले पाइपलाइन टयाङ्कीमा जडान गरिएको पाइएपछि उक्त ट्रकलाई प्रहरी हिरासतमा राखी कारवाही अगाडि बढाइएको छ । टयाङ्कीको ताला काटिएको अवस्थामा फेला परेका ती टयाङ्करलाई तीन महिनाका लागि पेट्रोलियम पदार्थको आपूर्तिमा रोक लगाइएको छ ।

प्रदेश नं २ प्रादेशिक कार्यालय अमलेखगन्जले पनि १५० वटा ट्रक तथा टयाङ्करलाई कारवाही गरेको छ । उनीहरूलाई १५ दिनसम्मका लागि ढुवानी कार्यमा निलम्बन गरिएको छ । कार्यालयले पाँच चालक/सहचालकलाई कालोबजारी मुद्दा दायर गरी आजीवन निगमको कुनै पनि डिपोमा प्रवेश गर्न नपाउने गरी निषेध गरेको छ । अनुगमनको क्रममा पेट्रोलियम पदार्थ मिसावट र चोरी गरेको भेटिएपछि पाँच टयाङ्करलाई छ महिनाको निलम्बन गरिएको छ ।

यसैगरी निगमको प्रादेशिक कार्यालय थानकोटले सोही अवधिमा ३०० बढी ट्रक तथा टयाङ्करमाथि कारवाही गरेको छ । प्रत्येक टयाङ्करलाई रु १० हजार जरिवाना गरिएको छ । दुई टयाङ्करलाई थप अनुसन्धानका लागि अनुसन्धान ब्यूरोलाई लेखी पठाइएको छ । इन्धन अपचलन मुद्दामा ढुवानीकर्तासँगै निगमका कर्मचारी पनि कारवाहीको दयरामा आएका छन् । निगमको वीरगञ्जस्थित कार्यालयका एक कर्मचारीमाथि पनि कारबाही प्रक्रिया चलाइएको छ ।

निगम सुधारको रणनीति योजनाअन्तर्गत रहेर कालोबजारीमाथि कारवाहीको प्रक्रिया अगाडि बढाइएको निगमको भनाइ छ । निगमको यो कदमले गैरकानूनी काम गर्ने निरुत्साहित हुने अपेक्षा गरिएको छ । अनियमित गर्ने टयाङ्करमाथि कारवाही गरेसँगै पेट्रोलियम पदार्थको चोरी र मिसावट नियन्त्रणमा आउने निगमले जनाएको छ ।

# हवाई भाडा बढ्यो

काठमाडौं, ६ चैत (रासस) ।
नेपाल आयल निगमले हवाइ इन्धनको मूल्य बढाएसँगै हवाइ सेवाप्रदायक कम्पनीले हवाई भाडा बढाएका छन् । वायुसेवा सञ्चालकको छाता सङ्गठन वायुसेवा सञ्चालक सङ्घले बढेको इन्धनको मूल्यअनुसार भाडा वृद्धि गरिएको जनाएको छ ।

सङ्घले शुक्रबार विज्ञप्ति जारी गर्दै सङ्घमा आबद्ध वायुसेवा कम्पनीले शनिबारदेखि लागू हुने गरी भाडा बढाएको उल्लेख गरेको छ । निगमले चैत ३ गते राति १२ बजेदेखि लागू हुने गरी हवाइ इन्धनमा प्रतिलिटर रु दुई बढाउने निर्णय गरेको थियो । उक्त निर्णयअनुरुप हवाइ इन्धनको मूल्य जे जति घटबढ हुन्छ सोही अनुपातमा स्वचालित प्रणालीअनुसार मूल्य बढाइएको सङ्घले जनाएको छ ।

सङ्घका प्रवक्ता योगराज कँडेल शर्माका अनुसार हवाई गन्तव्यमा साविकको मूल्यमा सबैभन्दा बढी रु ९० र कम्तीमा छोटो दूरीमा रु पाँच भाडा बढेको छ । काठमाडौं-धनगढी गन्तव्यमा रु ९०, काठमाडौं-भद्रपुरमा रु ६० भाडा बढेको छ भने पर्वतीय उडानमा रु ७० बढेको छ ।

हवाई इन्धनको मूल्य प्रतिलिटर दुई रूपैयाँ थपघट हुँदा भाडा हेरफेर गर्न पाउने व्यवस्था सरकारले गरेको छ । आयल निमगले हालै मात्र हवाइ इन्धनमा प्रतिलिटर रु दुई मूल्य बढाएको थियो । बढेको इन्धनअनुसारको भाडादर नेपाल नागरिक उड्डयन प्राधिकरणबाट स्वीकृतसमेत प्राप्त भएको सङ्घले जनाएको छ ।

# धार्मिक सद्भाव : परिक्रमाका यात्रीलाई इस्लाम धर्मावलम्बीको स्वागत

महोत्तरी, ६ चैत (रासस)।

फरक धार्मिक आस्था र परम्पराका जाति समुदायबाट आफ्नो परम्पराले वास्ता पाउँदा मन प्रफुल्लित हुने मानव स्वभाव मिथिला माध्यमिकी परिक्रमामा मुखरित भएको छ। मिथिला माध्यमिकी परिक्रमाका यात्री शुक्रबार यात्राको सातौँ दिन महोत्तरीको ध्रुवकुण्ड आइपुग्दा उनीहरूमा यो प्रफुल्लता देखिएको हो। इस्लाम धर्मावलम्बीबाट विनम्रतापूर्वकको वास्ता र स्वागतले यात्री गद्गद् भएका छन्।

यात्राको सातौँ दिन बलवा नगरपालिका-१० धमौरास्थित ध्रुवकुण्डमा स्थानीय इस्लाम धर्मावलम्बीको न्यानो स्नेह, वास्ता र स्वागतले यात्रीमा खुशी थपिएको हो। ध्रुवकुण्ड माध्यमिकी परिक्रमा परम्परामा सातौँ दिनको रात्रि विश्रामस्थल रहँदै आएको छ। यात्रीको शुक्रबार एकाबिहानैदेखि ध्रुवकुण्ड आइपुग्ने क्रम शुरु भएको छ।

जिल्लामा इस्लाम धर्मावलम्बीको सघन बसोबास रहेमध्ये धमौरा एक मानिन्छ। यहीँ नै हिन्दू धर्मावलम्बीको आस्थाको केन्द्र ध्रुवकुण्ड अवस्थित छ। अघि सत्ययुगमा राजकुमार ध्रुव (पछि राजा)ले तपस्या गरेका ठाउँ मानिने ध्रुवकुण्डलाई हिन्दूले पवित्र धार्मिकस्थल मान्ने गरेका छन्। आफ्नो ठाउँ १५ दिने माध्यमिकी परिक्रमाको सातौँ दिनको विश्रामस्थल रहँदैआउनु गौरवको कुरा भएको इस्लाम धर्मावलम्बी बताउँछन्।

"आउ, ध्रुवकुण्डमें अहाँके हार्दिक स्वागत अई", (आउनुहोस्, ध्रुवकुण्डमा तपाईँलाई हार्दिक स्वागत छ) शुक्रबार बिहान छैटौँ दिनको विश्रामस्थल मडैबाट ध्रुवकुण्ड आइपुगेका यात्रीलाई स्थानीय इस्लाम धर्मावलम्बीको समूहले स्वागत गर्दै भनेका छन्। यो धार्मिक सद्भाव र सहिष्णुताको अब्बल उदाहरण भएको धमौराकै बासिन्दा हिन्दू धर्मावलम्बी ७५ वर्षीय वासुदेव पासवान बताउनुहुन्छ।

आफ्नो बस्तीमा आएका यात्रीलाई इस्लाम धर्मावलम्बीले यात्रामा परेको साह्रोगाह्रो भन्न र आफ्नालायक सेवाका लागि आग्रह गरेका छन्। "तपाईँहरू मानव कल्याणको कामनासाथ लामो यात्रामा हुनुहुन्छ, केही पर्दा हामीलाई सेवाको अवसर दिनुहोस्", धमौराका बासिन्दा ७५ वर्षीय इस्लाम धर्मावलम्बी हासिम मियाँले दुई हात जोडेर विनम्रतापूर्वक आग्रह गर्दा यात्रीका आँखा रसाएका देखिन्थे।

धमौरा हिन्दू परम्पराको मात्र नभएर इस्लाम परम्पराका लागि पनि पवित्रस्थल रहेको छ। "यहीँ (धमौरा) हिन्दू धर्मावलम्बीको पवित्र तीर्थस्थल ध्रुवकुण्ड छ, यहीँ नै केही दूरी पर इस्लाम धर्म परम्पराका सुफी सन्त गदालीबाबा, बहारअलीबाबा र रहमतअलीबाबाको पवित्र मजार (समाधीस्थल) छ", धमौराका बासिन्दा सामाजिक, राजनीतिक कार्यकर्ता मन्सुल कवारी भन्नुहुन्छ, "हिन्दूहरू मजारस्थलमा श्रद्धा जनाउँदै आशिष माग्न आउँछन्, हामी इस्लाम धर्मावलम्बी ध्रुवकुण्डको विकासबारे चासो राख्छौँ।"

मजार र ध्रुवकुण्ड आफ्नो ठाउँ चिनाउने पवित्रस्थल भएकाले हिन्दू र मुसलमान दुवैको उत्तिकै चासोमा पर्ने मन्सुलको भनाइ छ। मजारमा आएर भक्तिभावसहित आफ्नो दुःख पुकार गर्ने, भाकल गर्ने र पछि भाकल दिन आउनेमा हिन्दूको सङ्ख्या उल्लेख्य हुने मन्सुल बताउनुहुन्छ। "मिथिला माध्यमिकी परिक्रमा हाम्रो ठाउँ चिनाउने खास अवसर हो", धमौराको अधियानपुरका बासिन्दा इस्लाम धर्मावलम्बी सामाजिक अगुवा अमानुल्ला शेषले यात्रीको स्वागत गर्दै भन्नुभयो, "माध्यमिकी परिक्रमाको यो अवसरलाई आफ्नो ठाउँको विकासमा प्रयोग गर्न जान्नु पर्दछ, यसका लागि यात्रीको सुरक्षा, खानपान, आवास र उपचार व्यवस्था हाम्रा लागि खास महत्व र जिम्मेवारीका कुरा हुन्।"

हिन्दू परम्पराको मिथिला माध्यमिकी परिक्रमाको सातौँ दिनको विश्रामस्थल ध्रुवकुण्ड (धमौरा) इस्लाम धर्मावलम्बी बसोबास बाहुल्यताको ठाउँ हो। धमौराका अधियानपुर, रौजाबजार, धमौराटोल र भगवतीपुर बस्तीमा इस्लाम धर्मावलम्बीको बसोबास बाहुल्यता छ। यस ठाउँमा परिक्रमाको सातौँ दिनको विश्राम परम्परालाई अहोभावले स्वागत गर्नसके र राम्रो बिदाइ गर्नसके धार्मिक सद्भावको सन्देशसमेत प्रवाहित हुने इस्लाम धर्मावलम्बी बताउँछन्।

"हामी धर्म परम्परामा इस्लाम हौँ, मिथिला हाम्रो जन्म र कर्मभूमि हो", धमौराका ३० वर्षीय इस्लाम धर्मावलम्बी युवा जुवेर मियाँ भन्नुहुन्छ, "अतिथि सत्कार मिथिलाको विशिष्ट पहिचान हो, एकमुष्ट धेरै अतिथिको स्वागत गर्ने अवसर हामीलाई माध्यमिकी परिक्रमा र रौजामजारमा श्रद्धालुको आगमनले प्राप्त हुन्छ।"

माध्यमिकी परिक्रमा हिन्दू परम्पराको मात्र भन्ने कुरा पनि नरहेको इस्लाम धर्मावलम्बीको कथन छ। "मिथिला माध्यमिकी परिक्रमा धर्मको बन्धनले कसिएको हामी ठान्दैनौँ", धमौराका अर्का इस्लाम धर्मावलम्बी मञ्जुर मियाँ भन्नुहुन्छ, "मिथिलाको महाकुम्भ भनिने यो यात्रा सिङ्गो मिथिला क्षेत्रको साझा संस्कृति बनिसकेको छ।"

धमौरामा मिथिला माध्यमिकी परिक्रमाको सातौँ दिनको विश्रामस्थल रहेको ध्रुवकुण्ड र रौजास्थित इस्लाम धर्मावलम्बीको पवित्र धार्मिकस्थल रौजामजार रहेका छन्। इस्लामधर्मावलम्बी गदालीबाबासहित तीन जना सुफी सन्तको रौजामजार (समाधीस्थल) मा बर्सेनि हजारौँ सङ्ख्याका हिन्दू दर्शन र मन्नत (इच्छित मनोकामना) माग्न र भाकल दिन पुग्ने गरेका छन्। धमौराको विकासमा यी दुवै पक्षलाई उजागर गरेर उज्यालो सम्भावना बढाउन सकिने कुरामा यहाँ (धमौरा) का हिन्दू, इस्लाम दुवै धर्मावलम्बी सहमत देखिन्छन्।


माध्यमिकी परिक्रमाका यात्री ध्रुवकुण्ड आएपछि उनीहरूको आवास, भोजन, उपचार र अन्य आवश्यक प्रबन्धमा हिन्दू तथा इस्लाम धर्मावलम्बी नबाँडिएझैं रौजामजारको व्यवस्थापन, आवश्यक प्रबन्ध र प्रचारप्रसारमा पनि हिन्दू तथा इस्लाम धर्मावलम्बी सँगसँगै लागिपर्ने गरेका यहाँका बुद्धिजीवी बताउँछन्। "ध्रुवकुण्ड र रौजामजार हाम्रा साझा बैभव हुन्", धमौराकै बासिन्दा शिक्षण पेशाबाट अवकाश लिइ हाल राजनीतिक क्षेत्रमा क्रियाशील रहनुभएका सुशील यादव भन्नुहुन्छ, "आफ्नो ठाउँको चिनारी विस्तार गर्न र विकासका लागि यी दुवै सम्भावना बढाउन हामीले नै पहलकदमी लिनपर्छ।"

मिथिलामा १५ दिने यो परिक्रमाका यात्रीले पाँच रात महोत्तरीमा बिताउने परम्परा रहँदै आएको छ। चौथो दिनको विश्रामका लागि मटिहानीबाट शुरु भएको महोत्तरीको यात्रामा यात्री पाँचौँ दिन जलेश्वर, छैटौँ दिन मडै, सातौँ दिन ध्रुवकुण्ड र आठौँ दिन कञ्चनवनमा बास बस्ने गर्छन्। कञ्चनवनबाट यात्रा धनुषा प्रवेश गर्छ। ध्रुवकुण्डमा फरक धर्म परम्पराका समुदायबाट पाएको स्नेह र सद्भाव आफ्नो बाँकी यात्राका लागि ऊर्जा हुने यात्रीले प्रतिक्रिया दिएका छन्।

# प्रेषण प्रणाली सम्बन्धी कार्यबिधि कार्यन्वयनका लागी अभिमुखिकरण

**दैनिक समाचारदाता**
**राजविराज, ६ चैत।**

महिला बिरूद्ध हुने लैङ्गिक हिंसा सम्बोधनका लागि प्रेषण प्रणाली सम्बन्धी कार्यबिधि कार्यन्वयनका लागी एक दिने अभिमुखिकरण कार्यक्रम शुक्रबार सम्पन्न भएको छ।



समग्र लैंङ्गिक उत्तरदायी तथा जवाफदेही न्यायमा पहुँच सुदृढिकरण परियोजना (समग्र) द्वारा आयोजित तथा भिएस नेपालको सहयोगमा संचालित कार्यक्रममा लैङ्गिक हिंसा समुदायमा बिधमान प्रमुख समस्याको रूपमा रहेकोले महिला, किशोरी तथा बालवालिकाहरू अधिक मात्रामा पीडित भईरहेकाले पीडितहरूलाई प्राथमिकतामा राखी उनीहरूलाई समुदायमा जवाफदेहीता, सुरक्षा न्यायमा पहुँच पुऱ्याउनका लागि कार्यक्रमको आयोजना गरिएको भिएस नेपालका प्रतिनिधि सुनिल साहले बताए।

उक्त अभिमुखिकरणबाट राजबिराज नगरपालिकामा महिला बिरूद्व हुने हिंसा नियन्त्रण सम्बन्धी कार्यलाई नीतिगत मार्गदर्शन गर्न, पीडितलाई सुरक्षा तथा न्यायमा पहुच अभिबृद्धि गर्दै नेतृत्वदायी भुमिका निर्वाह गर्ने उद्देश्यले लैङ्गिक हिंसा बिरूद्ध नगरउपप्रमुखको अध्यक्षतामा स्थानिय समिति गठन गर्ने उनले बताए।

उक्त परियोजनाले दुई बर्षदेखि समुदायमा परिवार केन्द्रित राजबिराज नगरपालिका नगरपालिको वडा ६ को २० घरपरिवारमा तथा बिद्यालय स्तरमा केअ र पबि माबि राजबिराजमा संचालनमा रहेको समग्र संस्थाका सुष्मा गुप्ताले बताईन।

कार्यक्रममा राजबिराज नगरपालिका उपप्रमुख साधना झा, राजबिराज नगरपालिका प्रमुख प्रशासकिय अधिकृत मदन कुमार थापा, प्रशासन तथा योजना अधिकृत मनोज यादब, बिभिन्न वडाका अध्यक्ष तथा न्यायिक समिति सदस्य रेखा मण्डल, भिएसओ नेपाल म्यानेजर कृष्ण साह लगायतको सहभागिता रहेको थियो।

## विश्व समाचार

# कोरोना भाइरसको सङ्क्रमण बढेपछि फ्रान्समा फेरि लकडाउन

पेरिस, ६ चैत (रासस/सिन्ह्वा)।

कोरोना भाइरसको सङ्क्रमण बढेपछि फ्रान्समा फेरि 'लकडाउन' भएको फ्रान्सका प्रधानमन्त्री जिन क्यास्टेकले बिहीबार घोषणा गर्नुभएको हो। उहाँले बिहीबार पत्रकार सम्मेलन गरेर फ्रान्समा पछिल्लो समयमा कोरोना भाइरसको प्रकोप पहिलेभन्दा पनि झन् बढेका स्थानहरुमा सो लकडाउनको घोषणा गर्नुभएको हो। उहाँले यहाँका बढी प्रभावित विभिन्न १६ ओटा राज्यमा यस्तो नियमको घोषणा गर्नुभएको हो। कोरोना भाइरसको सङ्क्रमण तीव्र गतिमा बढ्न थालेपछि राष्ट्रपति इम्यानुएल म्याक्रोले करीब चार महिनाअघि मात्र पनि दोस्रोपटक लकडाउनको घोषणा गर्नुभएको थियो। तर प्रधानमन्त्री क्यास्टेकले यो अहिलेको लकडाउन पहिलेको जस्तो कडा नरहेको र यहाँका नागरिकले आफ्नो घरमा भने बस्नुपर्ने बताउनुभएको छ।

पहिलेका लकडाउनमा यहाँ एक किसिमले कर्फ्यू नै लगाएजस्तो हुने गरेकामा अहिले त्यस्तो नभएर नागरिकहरुले घरमा बस्नुपर्ने मात्र रहेको बताइएको छ। कोरोना भाइरसको महामारीको शुरुमा युरोपमा अति प्रभावितमध्येको फ्रान्समा गत मार्चमा पहिलोपटक लकडाउन गरिएको थियो। त्यसबेला दुई महिना लकडाउन गरेर खुला गरिएको थियो। पछिल्लो समय महामारीको दोस्रो लहर तीव्र गतिमा बढेपछि प्रधानमन्त्रीले शुक्रबारदेखि नै लागू हुने गरी पुनः लकडाउनको घोषणा गर्नुभएको हो। यो लकडाउनका समयमा मानिसहरुलाई अत्यावश्यक कामका लागि मात्रै घरबाहिर निस्कने अनुमति दिइनेछ। तर एक राज्यबाट अर्कोमा जान यात्रा प्रतिबन्ध गरिएको छ।

विद्यालयहरु भने खुला राखिएको छ तर यहाँको सरकारले तय गरेका मापदण्डहरु पूर्णरुपमा लागू गरेरमात्र विद्यालय खोल्न सकिने बताइएको छ। काममा जानुपर्ने मानिसले पनि आफ्नो घरबाट बढीमा १० किलोमिटर परसम्मको कामका लागि मात्र जान सक्ने बनाइएको छ। प्रधानन्त्रीले बिहीबार पत्रकार सम्मेनलमा भन्नुभएको छ, "रेस्टुरेन्ट, बारसहितका अत्यावश्यकभन्दा बाहिरका सेवा बन्द रहने छन्, तर विद्यालय र उद्योगहरु भने खुला हुनेछन्।"

फ्रान्समा पछिल्ला दिनमा कोभिडका कारण मृत्यु हुनेको सङ्ख्या बढ्दै गएको छ भने दैनिक ३० हजारभन्दा बढी सङ्क्रमित थपिँदै गएका छन्। गएको २४ घण्टायताको अर्थात् बिहीबार मात्रको तथ्याङ्कमा यहाँका ३५ हजार जनामा यो सङ्क्रमण देखिएको छ। यो समयमा मात्र २६८ जनाको यो सङ्क्रमणबाट निधन नै भएको छ। यसरी पछिल्लो समयमा फ्रान्समा कोरोना भाइरसबाट सङ्क्रमित हुने र मृत्यु हुनेहरुको सङ्ख्या पनि प्रतिदिन बढ्दै गएको देखिएको छ। फ्रान्समा अहिलेसम्ममा करीब ४२ लाख जनालाई यो सङ्क्रमण देखिएको छ। त्यसैगरी यहाँ यस महामारीबाट मृत्यु हुनेको सङ्ख्या पनि ९१ हजारभन्दा बढी पुगेको बताइएको छ।

# युरोपमा अस्ट्राजेनिका खोप लगाउन पुनः शुरु, अमेरिकामा १० करोडले लगाए खोप

पेरिस, ६ चैत (रासस/एएफपी)।

फ्रान्स र जर्मनीमा पनि शुक्रबारदेखि कोभिड-१९ विरुद्धको अस्ट्राजेनिका खोप लगाउन पुनः शुरु भएको छ। युरोपेली नियामक निकायले अस्ट्राजेनिका खोप सुरक्षित रहेको जनाउँदै खोप लगाउने प्रक्रिया पुनः शुरु गर्न युरोपेली मुलुकहरुसमक्ष आग्रह गरेको थियो।

उता संयुक्तराज्य अमेरिकामा तोकिएको मितिअगावै १० करोड खोप दिने लक्ष्य पूरा गर्न लागेको अमेरिकी प्रशासनले जनाएको छ। राष्ट्रपति बाइडेनले खोपको उपलब्धता र वितरणमा कुनै समस्या आउन नदिने पटकपटक प्रतिबद्धता व्यक्त गर्नुभएको छ। रगत जम्ने सम्भावित आशङ्कालाई लिएर युरोपदेखि एसिया र दक्षिण अमेरिकाका विभिन्न मुलुकले अस्ट्राजेनिका खोप लगाउन रोकेका थिए।

युरोपेली नियामक निकायले खोप सुरक्षित र प्रभावकारी रहेको भनाइ सार्वजनिक गरेलगत्तै स्पेन, इटाली, नेदरल्यान्ड्स, पोर्चुगल, लिथुआनीया, लाटभिया, स्लोभेनिया र बुल्गेरीयाले खोप अभियान शुरु गर्ने बताएका छन्। फ्रान्समा कोभिड-१९ को सङ्क्रमण फैलिएसँगै शनिबार रातिदेखि एकमहिने सीमित लकडाउन शुरु भएको छ। फ्रान्समा चार महिनायता एकै दिन सबैभन्दा बढी सङ्क्रमित भेटिएका थिए।

पेरिसमा अत्यावश्यकबाहेकका सबै व्यवसाय बन्द हुनेछन्। यद्यपि, विद्यालयहरु भने खुला गरिने र घरबाट १० किलोमिटरसम्म मात्र यात्रा गर्न स्थानीयवासीलाई अनुमति दिइएको छ। विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले पनि अस्ट्राजेनिका खोपको सुरक्षा र प्रभावकारिताका बारेमा गरिरहेको अनुसन्धानको नतिजा शुक्रबार सार्वजनिक गर्दैछ। ढुवानी र भण्डारमा सहज तथा सस्तो मूल्यमा उपलब्ध हुने यो खोप बेलायतको अक्सफोर्ड विश्वविद्यालय र स्विडेनको औषधि निर्माता कम्पनी अस्ट्राजेनिकाले संयुक्तरुपमा विकास गरेका हुन्।

अस्ट्राजेनिकालाई हाल कोभाक्समा समावेश गरिएको छ। कोभिडविरुद्धको खोपलाई विश्वका विभिन्न मुलुकमा समानरुपमा वितरण गर्न कोभाक्सले मद्दत गरिरहेको छ। उता, फिलिपिन्सका औषधि नियामक निकायले रुसले विकास गरेको स्पुतनिक भी खोपलाई आपत्कालीन प्रयोगका लागि अनुमति दिएको छ। फिलिपिन्सले ५० लाखदेखि एक करोड डोज खोप लिने योजना बनाएको छ। संयुक्तराज्य अमेरिकाले आफ्ना छिमेकी मुलुकहरु मेक्सिको र क्यानडालाई मद्दत गर्न लाखौँ डोज अस्ट्राजेनिका खोप उपलब्ध गराउने तयारी गरेको अमेरिकी प्रशासनले जनाएको छ। ह्वाइट हाउसकी प्रेस सचिव जेन साकीले २५ लाख डोज मेक्सिको र १५ लाख डोज क्यानडालाई उपलब्ध गराउन लागेको पुष्टि गर्नुभयो।

# लागुऔषधसहित एक यूवक पक्राउ

**दैनिक समाचारदाता राजविराज, ६ चैत ।**

प्रहरीले सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १४ रामपुर मल्हनियाबाट एक यूवकलाई लागुऔषधसहित पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा राजबिराज नगरपालिका वडा नं. १ बस्ने २१ वर्षिय रमेश कुमार दास छन् । उनलाई प्रहरीले लिजेसिक एम्पुल ५१ थान, फेनारगन एम्पुल ५१ थान, डाइजेल्याब एम्पुल ५१ गरि जम्मा १५३ एम्पुल लागुऔषधसहित पक्राउ गरेको जनाएको छ ।

प्रहरी चौकी रामपुर मल्हनिया सप्तरीबाट खटेको प्रहरी गस्ती टोलीले शंका लागि शरीर खानतलासी गर्दा दाससँग उक्त मात्राको लागुऔषध बरामद भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

पक्राउ परेका दास उपर लागु औषध मुद्दा चलाइएको तथा सप्तरी जिल्ला अदालतबाट म्याद थप गरि आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# जनचेतनामूलक सडक नाटक सुरु



**दैनिक समाचारदाता राजविराज, ६ चैत ।**

सप्तरी जिल्लाको दुई स्थानीय तहमा स्वच्छताका लागि व्यवहार परिवर्तन परियोजना अन्तर्गत जनचेतनामुलक सडक नाटकको सुरुवात गरिएको छ ।

स्थानीयको जनचेतना बृद्धि गर्ने लक्ष्यका साथ जिल्लाको कंचनरुप नगरपालिका र तिरहुत गाउँपालिकाको विभिन्न वडामा सो सडक नाटक सुरु गरिएको हो ।

लैंगिङ्ग हिंसा, कोरोनाको रोकथाम, वास्तविक जीवनको सिकाई, समुदायमा पुरुषको संलग्नता, घरायसी कामकाज बाडफाँड लगायतका विषयमा स्थानीय कलाकारहरुले नेपाली, हिन्दी, मैथिली, भोजपुरी लगायतका भाषामा नाटक मन्चन गर्दै छन् ।

कोशी पीडित समाज र अक्सफाम नेपालको संयुक्त साझेदारीमा संचालित सडक नाटकमा चेतनामुलक सन्देशहरु स्थानीयले निकै मन पराएर हेर्ने गरेका छन् ।

लैगिंक हिंसा, कोरोना रोकथाम, घरायसी कामकाजमा पुरुषको सहभागिता लगायतका विषय समेटिएर सूरु गरिएको नाटक प्रर्दशनका लागी युकेएड र युनिलिभरले आर्थिक सहयोग जुटाई दिएको आयोजक संस्थाका अध्यक्ष देवनारायण यादवले बताए ।

# कर्तब्य ज्यान मुद्दाका फरार एक प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता राजविराज, ६ चैत ।**

सप्तरी प्रहरीले सुनसरीको धरान नगरपालिका वडा नं. ८ तिनकुनेबाट कर्तब्य ज्यान मुद्दाका एक फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा राजबिराज नगरपालिका वडा नं. ७ निवासी २४ वर्षिय श्रवन कुमार मेहता छन् । मृतकका बुबा उपेन्द्र प्रसाद यादवको जाहेरीको आधारमा प्रहरीले मेहतालाई पक्राउ गरेको जनाएको छ ।

प्रहरीले पक्राउ परेका मेहता समेत ८ जनाले २०७६ साल असार १० गते राजविराज ७ स्थित खर्साल टोलमा सप्तरीको तिरहुत गाउँपालिका वडा नं. ३ बस्ने २५ वर्षिय जयकृष्ण बिराजीलाई कुटपिट गर्दै कर्तब्य गरि ज्यान मारेको जनाएको छ ।

घटना भएको मितिबाट फरार रहेका प्रतिवादीहरुलाई खोतजलास गर्दै जाँदा प्रतिवादी मध्ये मेहतालाई प्रहरीले पक्राउ गरी बुधबार सप्तरी जिल्ला अदालतबाट म्याद थप गराई थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

### ट्रकको ठक्करबाट ...

उपचारका लागि गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा भर्ना गरिएकोमा सोही अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो ।

यता प्रहरीले ट्रकलाई नियन्त्रण लिएको छ भने फरार भएका चालकको खोजीकार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

### ओली नेतृत्वको ...

कार्यक्रममा काँग्रेस सप्तरीका सभापति दिनेश यादव, ट्रेड युनियनका अध्यक्ष मनोज मण्डल लगायतले शुभकामना दिएका थिए ।

# महान्यायाधिवक्ता खरेलद्वारा राजीनामा

काठमाडौँ, ६ चैत (रासस) ।

महान्यायाधिवक्ता अग्निप्रसाद खरेलले आफ्नो पदबाट राजीनामा दिनुभएको छ । उहाँले शुक्रबार महान्यायाधिवक्ताको कार्यालयमा पत्रकार सम्मेलनको आयोजना गरी पदबाट राजीनामा दिएको जानकारी दिनुभयो ।

प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले २०७४ फागुन ८ गते उहाँलाई महान्यायाधिवक्ता पदमा नियुक्त गर्नुभएको थियो । प्रधानमन्त्रीसँग आफूले सल्लाह गरेर नै राजनीनामा दिएको र आगामी दिनमा आफू सक्रिय राजनीतिमा क्रियाशील रहने उहाँले बताउनुभयो ।


## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**

**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफू पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

ipay remit | CITY EXPRESS MONEY TRANSFER | Best Remit Quick & Easy | PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np